राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७औं वार्षिकोत्सव

वर्ष-१७ ।। अङ्क : १२२ ॥ २०८२ जेठ २८ गते बुधवार (11th June 2025 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

# पूर्वी नेपालमा चिनियाँ राजदूतको सक्रियता

झापा(प्रस) । चीनले नेपालमा प्रभाव बढाउन थालेको भारतीय कथित मान्यताका बीच नेपालका लागि चिनियाँ राजदूतले पूर्वी नेपालमा सक्रियता बढाएका छन् । सोमवार झापा आएका चिनियाँ राजदूत जेन सोङ मंगलवार दिनभरि विभिन्न कार्यक्रममा व्यस्त रहे ।

मंगलवार बिहान ८:१० बजे बिर्तामोडको सिद्धार्थ ग्राण्ड सिटी होटलबाट राजदूत सोङसहित ६ सदस्यीय टोली अर्जुनधारा -२ खुदुनाबारीतर्फ प्रस्थान गरेको थियो । त्यहाँस्थित दुना उद्योग (इनर्जी क्राप्स) ले उत्पादन गरेको सुपारीको पातबाट बन्ने दुना, टपराको अवलोकन गरेको छ ।

त्यस्तै बिहान ९:५० देखि १०:१५ बजेसम्म अर्जुनधारा -१० स्थित कालीझोडामा बाँसबाट उत्पादित वस्तु तथा फ्याक्ट्रीको सोङले अवलोकन गरेका छन् । त्यसपछि राजदूत सोङलाई अर्जुनधारा नगरपालिकामा भव्य स्वागत गरियो ।उनलाई नगरप्रमुख बलदेवसिंह गोम्देन तामाङ, उपप्रमुख खड्गमाया पराजुली र प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमाललगायत नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुले स्वागत गरेका थिए ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको बिशेष पहलमा झापा आएका राजदूतको भ्रमणलाई महत्वका साथ हेरिएको छ । सम्भाव्यता अध्ययन गरेर औद्योगिक क्षेत्रको विकासमा चिन सरकारको साझेदारीका लागि भ्रमण केन्द्रीत रहेको सभामुखका स्वकीय सचिव केशवराज ढुङ्गेलले जानकारी दिए ।

त्यस्तै १०:५५ बजे अर्जुनधारा ८ स्थित शनिश्चरे मा.बि को अवलोकन गरी शैक्षिक सामग्री बितरण गरेका छन् । १० जना विद्यार्थीहरूलाई जनही १० हजारका



दरले दरले छात्रवृति प्रदान गरिएको थियो । त्यस्तै कक्षा नर्सरीदेखि ८ सम्मका सम्पूर्ण विद्यार्थीहरूलाई विद्यालय ब्याग वितरण गरिएको थियो । त्योसंगै खेलकुद सामग्रीहरू भलिबल - ४ वटा, फुटबल- २ वटा , टेबलटेनिस सेट- २ सेट, बास्केटबल - ३ वटा र डिभाइडर - २ दर्जन र सिठ्ठी वितरण गरिएको थियो ।

चिनियाँ राजदूतावासको सहयोगमा बिर्तामोड ८ स्थित शुक्रराज आधारभूत विद्यालयमा निर्माण भएको भवनको उद्घाटन गरिएको छ ।

मंगलवार एक कार्यक्रमका विच नेपालका लागि चिनियाँ राजदूत सोङ र बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले रिवन काटेर भवनको उद्धाटन गरेका थिए । चिनियाँ राजदुतावासको ५० लाख रुपैयाँको सहयोगमा ४ कोठे २ तले भवन निर्माण भएको हो ।शुक्रराज आधारभूत विद्यालयमा आयोजित कार्यक्रममा बोल्दै राजदूत सोङले शिक्षा सबैभन्दा महत्वपूर्ण विषय रहेकोले यसमा ध्यान दिनु पर्ने बताए । चीनको विकास शिक्षाकै कारण भएको बताउँदै उनले आगामी दिनमासमेत शिक्षाका क्षेत्रमा सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरे । सोङले नेपाल र चीनको सम्बन्ध पुरानो रहेको भन्दै २०७२ सालमा आएको भूकम्पपछि नेपालमा विभिन्न १० वटा विद्यालय निर्माणमा सहयोग गरेको उल्लेख गरे ।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले बिर्तामोडको विकासको लागि पूर्वाधार, कृषि, शिक्षा लगायतका क्षेत्रमा चिनियाँ दूतावासले सहयोग पुर्याएको भन्दै धन्यवाद व्यक्त गरिन् ।

यस्तै उप प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले नेपालमा हस्पिटल, हाईड्रोपावर, सडकमा चीनको महत्वपूर्ण सहयोग रहँदै आएको बताए । उनले विद्यालय भवन निर्माणको लागि रकम उपलब्ध गराएकोमा दूतावासको प्रशंसा गरे।

यसअघि चिनियाँ राजदूत सोङले बिर्तामोड ९ स्थित गरामनीमा रहेको दुर्गा माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा ४ सय जना विद्यार्थीलाई विभिन्न १९ प्रकारका स्टेशनरीसहितको व्याग तथा खेलकुदका सामग्री बितरण गरेका थिए । उनले दुर्गा मा.वि र शुक्रराज आधारभूत विद्यालयका १०/ १० जना विद्यार्थीलाइ जनही दश हजार रुपैयाँको दरले छात्रवृत्तिसमेत प्रदान गरे । चिनियाँ राजदूत सोङ अझै २ दिन बिर्तामोड तथा अर्जुनधाराका विभिन्न कार्यक्रममा सहभागी हुने तालिका छ ।

# अत्यधिक गर्मीमा कारण कमलका विद्यालयहरु बन्द



झापा (प्रस) । केही दिनदेखिको अत्यधिक गर्मीका कारण झापा कमल गाउँपालिकाका विद्यालयहरु बन्द गरिएका छन् ।

गर्मीका कारण पठनपाठनमा समस्या भएपछि जेठ २८ र २९ गते गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुलाई दुई दिन विदा दिइएको हो । गर्मीका कारण विद्यार्थीहरुको पठनपाठनमा समस्या भएकोले मिन पचासको विदाबाट कट्टा हुने गरी दुई दिन पठनपाठन स्थगित गर्न गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले सबै विद्यालयहरुलाई सूचित गरेका छन् ।

कमल गाउँपालिकामा २१ वटा सामुदायिक र २९ वटा संस्थागत विद्यालय रहेका छन् । विद्यार्थीहरुको समस्यालाई मध्यनजर गरी दुई दिनका लागि पठनपाठन रोक्ने निर्णय गरिएको शिक्षा शाखा प्रमुख सूर्य न्यौपानेले बताए । अत्यधिक गर्मीका कारण बालबालिका र बृद्धबृद्धाहरु बढी प्रभावित भएका छन् ।

मोरङको पथरी शनिश्चरे नगरपालिकाले पनि आफ्ना नगरभित्रका विद्यालयहरुलाई बुधवार र बिहीवार विदा दिएको छ । अन्य पालिकाहरुले पनि गर्मीका कारण विद्यालयहरुलाई विदा दिन लागेको जनाइएको छ ।

मौसमविद्हरुका अनुसार यही जेठ १५ गते भित्रिएको मनसुन कोशी प्रदेशबाटै पूर्वी एसिया फर्किएको छ । त्यसकारण केही दिन मनसुन फैलिने सम्भावना देखिँदैन ।

# अत्यधिक गर्मीले झापामा दुईजना ढले

झापा(प्रस)। अत्यधिक गर्मीका कारण झापामा दुईजनाको मृत्यु भएको आशंका गरिएको छ । अचानक ढलेर उनीहरुको मृत्यु भएको हो । मंगलवार दिउँसो ४ बजे अर्जुनधारा -११ नयाँ बस्तीस्थित चियाबगानभित्र कच्ची बाटोमा सोही ठाउँ बस्ने ६० वर्षीय मित्रलाल कामी मृत फेला परेका हुन् । उत्तानो परि लडिरहेको मृत अबस्थामा



स्थानीले देखेर प्रहरीलाई खबर गरेका थिए । खासै विरामी नभएका कामी अचानक ढलेको बताइएको छ । त्यस्तै मंगलवार नै बिर्तामोड नगरपालिका -२ फुलवारी टोलस्थित पासाङ शेर्पाको मकैवारीमा बिर्तामोड २ आदर्श टोल बस्ने बर्ष ३६ वर्षीय राम टुडु मृत फेला परेका छन् । उनी घोप्टो परी मृत अबस्थामा फेला परेका थिए ।

बाहिरी कुनै पनि चोटपटक नदेखिएको प्रहरीले जनाएको छ । दुवै शवलाई कानुनी प्रकृया पुरा गरी पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

# भैंसी चोरी गरेर बिक्री गर्न खोज्दा बनिया पक्राउ





झापा(प्रस) । अर्काको भैसी चोरी गरेर बिक्री गर्न लाग्दा एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा झापा गाउँपालिका वडा नं. ६ बस्ने १९ वर्षीय बिनोद बनिया रहेका छन् ।

सोमवार बिहान ११ बजे बनियाले सोही ठाउँ बस्ने खगेन्द्रकुमार कार्कीको भैसी खेतमा चराउनको लागि पगाहा लगाएको स्थानबाट चोरी गरी लगेका थिए । झापा गाउँपालिका र बाह्रदशी गाउँपालिका वडा नं.६ को सिमानामा पर्ने बिरिङ खोला पुऱ्याई भैसी खरिद गर्ने व्यापारीहरुलाई बोलाई बिक्री गर्न खोज्दा चोरी गरी ल्याएको भन्ने शंका लागेर ब्यापारीहरुले स्थानीय प्रहरीलाई खबर गरेका थिए । प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय झापाबाट ५ दिनको म्याद थप गरी चोरी सम्बन्धी कसूरमा अनुसन्धान कार्य जारी रहेको डीएसपी खगेन्द्र खड्काले जानकारी दिएका छन् ।

# अमेरिकाबाट निष्कासनमा परेका ३७ जना कागजपत्रविहीन

झापा । अमेरिकाले एकैपटक ३७ जना नेपालीलाई निष्कासन गऱ्यो। तल्लो बाटो हुँदै अवैधरूपमा अमेरिका प्रवेश गरेका उनीहरूलाई ओम्नी एयरलायन्सको 'ओवाई३१४६' उडानबाट आइतबार काठमाडौं फर्काइएको हो। नेपाल फर्काइनेमा ३२ जना पुरुष र ५ जना महिला छन्। स्रोतका अनुसार निष्कासनमा पर्नेमा घिसिङ, वली, पुर्जा, कुमाल, खत्री, मगर, खत्री, बुढाथोकी, परियार, केसी, बोहोरा, सुनार, शेर्पा र केसी थरका एक-एक जना रहेका छन्। त्यस्तै घोसाई, पगामी, घर्ती, वली, भण्डारी, पुन, बुढाथोकी, रिजाल, कँडेल, रावत, लामिछाने, वली, राना मगर, बस्नेत र हमाल थरका एक-एक जना रहेका छन्। त्यस्तै राई, केसी, बस्नेत, केसी, बोहोरा, मगर र परियार थरका एक-एक जना रहेका छन्।

उनीहरू विभिन्न समयमा तल्लो बाटो हुँदै अमेरिका प्रवेश गरेका थिए। केही नेपाली सीमा क्षेत्रबाटै पक्राउ परेका थिए भने केहीलाई लुकीछिपी काम गरिरहेका स्थानबाट पक्राउ गरेका थिए।

अमेरिकाको आइस प्रहरीले(इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट) ती नेपालीहरूलाई पक्राउ गरी अनुसन्धान गरेको थियो। पक्राउ पर्दा ३७ जनै नेपालीसँग पासपोर्टलगायतका महत्वपूर्ण कुनै कागजात नरहेको स्रोतले जानकारी दिएको छ। आइस प्रहरीले अमेरिकास्थित नेपाली दूतावाससँगको पहलमा पक्राउ परेका नेपालीहरूको 'ट्राभल डकुमेन्ट' बनाएर नेपाल फर्काएको थियो।

आइतबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ओर्लिएका उनीहरू एउटा बोराबाहेक रित्तै बाहिर निस्किएका थिए। उनीहरूल बोरा बोकेर बाहिरिँदै गरेको दृश्य सामाजिक सञ्जालमा भाइरल पनि बनेको थियो। नेपाल फर्काइएका सबै जना मानव तस्करको प्रलोभनमा परेर अमेरिका गएको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ। फर्काइएका अधिकांश व्यक्तिले कम्तीमा ५० लाख तिरेर अमेरिका गएको ब्युरोका प्रवक्ता नरेन्द्र कुँवर बताउँछन्। उनका अनुसार फर्किएका एक युवाले त १ करोड ४० लाख खर्चिर अमेरिका पुगेका थिए।

राष्ट्रपति डोनाल्ड ट्रम्पले आप्रवासन नीति लागू गरेपछि अवैधरूपमा अमेरिका बस्दै आएका नेपालीहरू धमाधम निष्कासनमा पर्दै आएका छन्। निष्कासित परेका नेपालीहरू दिनहुँजसो काठमाडौं आउने गरेका छन्। त्यसो त अमेरिकाले नै चार्टर्ड विमानमार्फत यसअघि पनि नेपालीहरूलाई फर्काएको थियो।

# माओवादी अध्यक्ष दाहाल जेठ ३१ गते झापा आउने

दमक(प्रस) । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल झापा आउने भएका छन् । जातीय मोर्चाहरुको संयुक्त सम्मेलन उद्धाटन गर्न अध्यक्ष दाहाल झापा आउन लागेको प्रेस सेन्टर नेपाल झापाद्वारा मङ्गलबार दमकमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

जेठ ३१ गते पाँच जातीय मोर्चाहरुको राष्ट्रिय सम्मेलनलाई पूर्वप्रधानमन्त्री समेत रहेका दाहालले सम्बोधन गर्ने कार्यक्रम तय गरिएको माओवादी केन्द्रका केन्द्रीय सदस्य साबित्रीकुमार काफ्ले (समर) ले जानकारी दिए । प्रदेश मोर्चा




फ्याक्सन इन्चार्ज हिमाल किराती र धिमाल राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष तारिकलाल धिमालले सम्मेलनका बारेमा जानकारी दिएका थिए । कोचिला राष्ट्रिय मुक्ति मोर्चा, धिमाल राष्ट्रिय मुक्ति मोर्चा, सन्थाल राष्ट्रिय मुक्ति मोर्चा, झागड राष्ट्रिय मुक्ति मोर्चा र मेचे राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय सम्मेलन दमकको रिभर भ्यु पार्टी प्यालेसमा गरिने कोचिला राष्ट्रिय मुक्ति मोर्चा नेपालकी अध्यक्ष ममता राजवंशीले जानकारी दिइन् ।

प्रदेश १ लाई ऐतिहासिक पहिचान र सभ्यतामा आधारित 'किरात लिम्बुवान कोचिला' नामकरणको माग गर्दै संयुक्त मोर्चाले आफ्ना गतिविधि अगाडि बढाइरहेको धिमाल राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष तारिकलाल धिमालले जानकारी दिए ।

कार्यक्रममा सन्थाल राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष मोहन टुडु, झागड राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष रामलखन उराव, मेचे राष्ट्रिय मुक्ति मोर्चा नेपालका रुपेश मेचे, माओवादी केन्द्रका झापा इन्चार्ज रन्जित तामाङ, केन्द्रीय सदस्य बिरेन्द्र बस्नेतलगायतको उपस्थिति रहेको थियो । प्रेस सेन्टर नेपालका झापा पुष्प खड्काको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनको सञ्चालन सचिव प्रकाश उप्रेतीले गरेका थिए ।

# अढाई केजी सुनकाण्डमा संलग्न विश्वकर्मा पुनः पक्राउ

झापा(प्रस) । करिव चार वर्षअघि अढाई केजी सुनसहित पक्राउ परेर धरौटीमा रिहा भएका बिर्तामोड नगरपालिका- ८ गरामनी बस्ने ३० वर्षीय अमिर ल्वागुन विश्वकर्मा पुनः पक्राउ परेका छन् । काठमाण्डौं मैतीदेवी निवासी बुद्ध शंकरको पसलमा सुनचाँदीको काम गर्दै आएका विश्वकर्मा नेपालगञ्ज विमानस्थलबाट अढाई केजी सुनसहित पक्राउ परेका थिए । उनीसहित मोरङका बुद्धिमान खाती पनि पक्राउ परेका थिए । उनीहरु २५-२५ लाख रुपैयाँ तिरेर धरौटीमा रिहा भएका थिए । विदेशी विनिमय दर छलकपट गरेको आरोपमा राजस्व चुहावट सम्बन्धी मुद्धामा उच्च अदालत



पाटनको गत फागुन २९ गतेको फैसलाले विश्वकर्मालाई १ बर्ष २ महिना १५ दिन कैद, नगद रु. २ करोड ८४ लाख ५८ हजार ६०५ रुपैयाँ जरिवाना तोकेको थियो । अदालतको फैसलापछि फरार रहेका उनलाई इलाका प्रहरी कार्यालय बिर्तामोडको टोलीले सोमवार साँझ ७.३० बजे घरबाटै पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत झापामा उपस्थित गराई अदालतको आदेशले मंगलवार कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले जानकारी दिए ।

उच्च अदालत पाटनले सुनकाण्डमा संलग्न खातीलाई पनि १ बर्ष २ महिना १५ दिन कैद, नगद रु. २ करोड ८४ लाख ५८ हजार ६०५ रुपैयाँ जरिवाना तोकेको छ । सुन तस्करी गराउन लगाउने बुद्ध शंकरलाई ३ वर्ष कैद र २४ करोड रुपैयाँ जरिवाना तोकेको जनाइएको छ ।

# लम्फी स्किन र अफ्रिकन स्वाइन फिभरको निरीक्षण गर्न मन्त्रालयको टोली

मेचीनगर ।मेचीनगरमा गाई गोरुमा लम्फी स्किन रोग र बङ्गुरमा अफ्रिकन स्वाइन फिभरको संक्रमण देखिएपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको उच्चस्तरीय टोलीले स्थलगत निरीक्षण गरेको छ ।

मंगलबार संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सहसचिव डा.पशुपति ढुंगाना, पशु सेवा विभागका वरिष्ठ पशु चिकित्सक डा.मुकुल उपाध्याय, केन्द्रीय पशुपंक्षी रोग अन्वेषक प्रयोगशालाका पशु चिकित्सक डा.विकेशकुमार राउत लगायतको टोलीले मेचीनगरको प्रभावित क्षेत्रको अवलोकन गरेको हो ।

उनीहरुले शंकास्पद लम्फी स्किन रोग देखिएको मेचीनगर-७ र १४ को किसानको घरमा पुगेर गाई गोरुको अवस्था र उपायका बारेमा जानकारी लिएका थिए ।

त्यस्तै टोलीले मेचीनगर-६ स्थित अफ्रिकन स्वाइन फिभरको संक्रमण देखिएको बबिता बङ्गुर फार्ममा पनि पुगेर निरीक्षणसहित सञ्चालकसँग छलफल गरेका थिए । अफ्रिकन स्वाइन फिभरका कारण फार्मका ८० वटा बङ्गुर मरेका थिए ।

नगरपालिका पशु सेवा शाखाका प्रमुख बिक्रम गुरुङका अनुसार मेचीनगर-२, ३, ४, ७, ८, ९ र १४ र १५ नम्बर वडाका किसानका १४ वटा गाई र बाँछीमा 'लम्फी स्किन' रोगको संक्रमण देखिएको छ । उनका अनुसार उक्त रोगको आधिकारिक पुष्टि भने भइसकेको छैन । परीक्षणका लागि केन्द्रमा पठाइएको छ । करिव ४/५ दिनमा त्यसको रिपार्ट आउने छ ।

'ती गाई र बाँछीमा अहिले सामान्य घाउँ जस्तो देखिएको छ', गुरुङले भने-' किसानलाई घाउमा लगाउने मलम, पेनकिलर, ज्वरो, सरसफाइका लागि फिनेल, पोटासीयम परनेट लगायतका औषधि दिइएको छ ।'

संक्रमित क्षेत्रको पाँचसय मिटर आसपासका किसानका गाई-गोरुहरुमा नगरपालिकाको पशु प्राविधिकको टोली गएर 'रिङ भ्याक्सिन' लगाएको छ ।

पशु प्राविधिक छत्र राईका अनुसार थाहा पाएदेखि अहिलेसम्म १८० वटा गाई-गोरुमा 'रिङ भ्याक्सिन' लगाइएको छ ।

मन्त्रालयको उच्चस्तरीय टोलीले लम्फी स्किन लक्षण देखिएका गाई-गोरुको उपचार र समुदाय समेतका गाई-गोरुमा मास भ्याक्सिन लगायन सुझाव दिएका छन् ।

हाल मेचीनगरमा २५ सय भ्याक्सिन भण्डारण गरिएको छ । अपुग भए थप भ्याक्सिन उपलब्ध गराउने टोलीले बताएको छ ।

टोलीलाई नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेती, प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले उक्त रोग समुदायमा फैलिन नदिन मन्त्रालयले सहयोग गर्नु पर्ने बताएका छन् । नगरप्रमुख बुढाथोकीको अध्यक्षतामा उच्चस्तरीय टोलीको वैठक समेत बसेको थियो ।

नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख दिपेन्द्र कार्कीका अनुसार यो रोग लागेको पशुमा उच्च ज्वरो आउने, झोक्राउने, खाना अरुचि हुने र दुध कम दिने लक्षण देखा पर्दछ । छालामा पाँच सेन्टि मिटर सम्मको गोलो गिर्खा र घाउ देखा पर्ने छ ।

उच्चस्तरीय टोलीमा कोशीको क्षत्रिय पशुपंक्षी रोग अन्वेषक प्रयोगशालाका प्रमुख डा.कमल गिरी, ल्यावका प्राविधिक योगराज अधिकारी, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भद्रपुरकी प्रमुख शितल भट्टराई र नगरपालिका पशु सेवा शाखाका प्रविधिकहरु रहेका थिए ।

मेचीनगरमा लम्फी स्किन रोग र अफ्रिकन स्वाइन फिवरको संक्रमण भएको थाहा भएपछि कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीको अध्यक्षतामा मंगलवार नै बसेको बैठकले स्थलगत निरीक्षण गर्न उच्चस्तरीय टोली खटाएको थियो ।

# इनड्राइभले काठमाडौंमा आफ्नो कार्यालय उद्घाटन गर्यो

झापा । नेपालको एक अग्रणी राइड-हेलिङ एप, इनड्राइभले काठमाडौंमा आफ्नो आधिकारिक कार्यालय उद्धाटन गरेको छ। यो कदम इनड्राइभको स्थानीय ड्राइभर पार्टनर्सहरू प्रति समर्पण, शहरभरि राइडहरूको लागि सेवाको गुणस्तर बढाउने, र कम्युनिटी इनिसिएसनलाई सशक्त बढाउने आफ्नो प्रतिबद्धतालाई सुदृढ पार्ने एउटा प्रमुख कदम हो।

नयाँ कार्यालयले ड्राइभर पार्टनर्सलाई सशक्त बनाउने र समग्र इनड्राइभ अनुभव सुधार गर्ने उद्देश्यले विभिन्न सेवाहरूको लागि केन्द्रको रूपमा काम गर्नेछ। काठमाडौंस्थित नयाँ कार्यालयले ड्राइभर कम्युनिटीको सशक्तीकरण, राइडरहरूको अनुभव सुधार, र स्थानीय स्तरमा सेवालाई अझ प्रभावकारी बनाउने उद्देश्य बोकेको छ। यस कार्यालयमार्फत इनड्राइभले अब ड्राइभर सपोर्ट, सीप विकासका लागि तालिम कार्यक्रमहरू, समुदाय तथा सुरक्षा-केन्द्रित अभियानहरू, साथै स्थानिय आवश्यकता अनुसार अनुकूलित मार्केटिङ र साझेदारी कार्यक्रमहरू सञ्चालन गर्नेछ।

इनड्राइभका एपीएसी रिजनल डाइरेक्टर मार्क टोलीले भने,"हामी इनड्राइभमा, काठमाडौँमा हाम्रा ड्राइभर पार्टनर्सर स्थानीय समुदायका लागि अफिस खोल्न पाउँदा अत्यन्तै उत्साहित छौं । यो नयाँ कार्यालय केवल एउटा कार्यस्थान मात्र होइन, यो एक यस्तो समर्पित समर्थन केन्द्रहो जहाँ हाम्रा ड्राइभर पार्टनर्सले आवश्यक सहयोग, मार्गदर्शन, तालिम तथा आत्मबल प्राप्त गर्न सक्छन् ।हामी चाहन्छौं कि उनीहरूले यहाँ आएर इनड्राइभको अभिन्न हिस्सा भएको अनुभव गरून् । यो केन्द्र उनीहरूको सफलतालाई अझ सशक्त बनाउने माध्यम हो।

नयाँ कार्यालयमा नियमित प्रशिक्षण सत्रहरू सञ्चालन गरिनेछ जसले चालकहरूलाई व्यावसायिक रूपमा बढ्न र उच्चतम स्तरको सेवा प्रदान गर्न आवश्यक ज्ञान र जानकारीहरू प्रदान गर्नेछ ।थप रूपमा, चालकहरूले कुनै समस्याको सामना गरेमावा टिम मेम्बरसँग व्यक्तिगत रूपमा कुरा गर्न चाहेमा सिधै कार्यालयमा जान सक्नेछन् ।

नयाँ सुरुवातले

नेपाली बजारप्रति इनड्राइभको दृढ र दीर्घकालीन प्रतिबद्धतालाई स्पष्ट रूपमा झल्काउँछ। इनड्राइभले उचित मूल्य निर्धारण र प्रयोगकर्तालाई प्राथमिकतामा राख्ने दृष्टिकोणको कारणले यात्रु र चालकदुवैको लागिद्रूत रूपमा मन पर्ने विकल्प बनेको छायही कारणले गर्दा यो प्लेटफर्म छोटो समयमा यात्रुहरू र चालकहरू दुबैको मन जित्न सफल भएको छानेपाली बजारमा इनड्राइभ लोकप्रियताको नयाँ स्तरमा पुग्दै गएको छ, जसले स्थानीय आवश्यकतालाई बुझ्ने र समाधान दिने यसको क्षमतालाई प्रमाणित गर्छ। यस प्रयासमार्फत इनड्राइभले नेपालमा दीगो र समावेशी यातायात प्रणाली निर्माणमा योगदान पुर्याउने लक्ष्य लिएको छ।

इनड्राइभ नेपालकी डाइरेक्टर रीता पोखरेलले भनिन्,"नेपाल हाम्रो लागि एउटा महत्वपूर्ण र प्राथमिक बजार हो। काठमाडौंमा नयाँ कार्यालय स्थापना गर्नु भनेको केवल एक भौतिक संरचना खडा गर्नु मात्र होइन, यो हामीले नेपाली ड्राइभर पार्टनर्ससँग निरन्तर निर्माण गर्दै आएको विश्वास र सहकार्यको प्रतिक हो।"

"हामीले सधैं चालकहरूसँग संवादलाई प्राथमिकता दिएका छौं– उनीहरूको सुझाव, आवश्यकताहरू र चुनौतिहरूलाई ध्यानपूर्वक सुन्दै आएका छौं। आफ्नो कम्युनिटीलाई सुन्ने र बुझ्ने संस्कृतिले इनड्राइभलाई साँच्चिकै आफूहरुको लागि बनेको प्लेटफर्म भएको मानिसहरूलाई अनुभूति गराएको छ । यो नयाँ कार्यालय हाम्रो प्रतिबद्धताको स्पष्ट प्रमाण हो – यो एक यस्तो स्थानहुनेछ, जहाँचालकहरूले आवश्यक सहयोग, प्रशिक्षण, र अवसर पाउन सक्नेछन् । तर अझ महत्वपूर्ण कुरा, यो स्थानउनीहरूले आफ्ना आवाजहरू सुरक्षित रूपमाअभिव्यक्तगर्न, व्यक्तिगत र व्यावसायिक रुपमा दक्षता वृद्धि गर्न, र इनड्राइभको यात्रामा सक्रिय साझेदार बन्न महत्वपूर्ण हुनेछ।

काठमाडौंमा यो कार्यालयखोल्नपाउनु हाम्रो लागिगर्वको कुरा हो।हामीयसलाई चालकहरूसँगको सम्बन्धलाई अझ मजबुत बनाउने माध्यमका रूपमा हेर्छौं, यसले भविष्यमा अझ बढी समावेशी र दिगो परिवहन प्रणालीको निर्माणमा योगदान पुर्याउनेछ।

काठमाडौंमाकार्यालय सुरु गर्नु इनड्राइभको सम्मानलाई अझै अगाडि बढाउने एक महत्वपूर्ण कदमहो।यसले इनड्राइभलाई चालक-केन्द्रित, पारदर्शी, र समुदाय-संचालित मोबिलिटी प्लेटफर्मको रूपमा थप मजबुत बनाउँछ। इनड्राइभले नेपालमाल्याएको निष्पक्ष, उचित मूल्य, र प्रयोगकर्तामैत्री मोडेल ल्याएको छ, जसले छोटो समयमा आमजन मानसको विश्वास जित्दै लोकप्रियता हासिल गरेको छ।

# मुक्तिचोक- शनिश्चरे रोड उपसमितिमा टिंकु



झापा(प्रस)। बिर्तामोड उद्योग वाणिज्य संघले उपसमिति गठनलाई तीव्रता दिएको छ ।

वाणिज्य संघको मातहतमा रहेर काम गर्ने गरी बिर्तामोडस्थित हिकोला रोड र प्रसाई मार्केटमा उपसमिति गठन गरेको संघले मंगलवार मुक्तिचोक- शनिश्चरे रोडमा नयाँ उपसमिति गठन गरेको छ । संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा आयोजित कार्यक्रमकाबीच गौरीशंकर गुप्ता 'टिङ्कु'को संयोजकत्वमा ३१ सदस्यीय उपसमिति गठन गरेको हो । समितिको सह संयोजकमा प्रमोद राजवंशी, सचिव केशव मैनाली र कोषाध्यक्षमा सिजर राजभण्डारी रहेका छन् ।

सदस्यहरुमा संजय अग्रवाल, तोयानाथ खतिवडा, रेगन शाक्य, तुलशा श्रेष्ठ, निलु राजभण्डारी, दिपक गुरागाँई, दिपेश उदाश, यदु तिम्सिना, जीवन रिजाल, दिपक अग्रवाल(रघुनन्दन) रहेका छन् । त्यस्तै समितिको सदस्यमा अनुराग गोश्वामी, सिर्जना अग्रवाल, अंकित केडिया, मोहित अग्रवाल, अप्सरा खड्का, टोनी जिन्दल, प्रविन शाक्य, मनोज अग्रवाल, प्रेम श्रेष्ठ, आकाश गोयल, त्रिलोकचन्द सिंची, सपना मगर, सुमित बेगानी , रविना कर्ण रहेका छन् । बाँकी सदस्य मनोनयन गर्ने बताइएको छ ।

त्यस्तै वेदप्रकाश अग्रवाल, सत्यनारायण चौधरी, कृष्ण उदाश, ओम प्रकाश अग्रवाल, विजय ठाकुर, उत्तम शिवाकोटी, नरेश वंशल, सुरेश विन्दल, जगत शंकरलाई सल्लाहकार समितिमा चयन गरिएको छ ।

संघका सदस्य दिनेश श्रेष्ठले स्वागत गरेको कार्यक्रमको संचालन महासचिव कुशल खतिवडाले गरेका थिए । यसैबीच संघले सो उपसमितिलाई फोहोर व्यवस्थापनका लागि १० थान डस्टविन समेत प्रदान गरेको छ । संघका अध्यक्ष न्यौपानेले उपसमिति संयोजक टिङ्कुलाई डस्टविन प्रदान गरेका थिए ।

# तीनजना राजवंशी बडी बिल्डरलाई सम्मान




झापा(प्रस) । काठमाण्डौमा आयोजित प्रथम प्रज्ञा स्मृति पुरुष तथा महिला शारीरिक सुगठन प्रतियोगितामा सहभागी भएर विजेता बनेका तीनजना राजवंशी बडी बिल्डर सम्मानित भएका छन् ।

जेठ २४ मा आयोजित सो प्रतियोगितामा विजेता बनेका मेचीनगर ७ इटाभट्टाका २१ वर्षीय अभिजित राजवंशी , झापा गाउँपालिका वडा नं २ सडकवारीका ३७ वर्षीय प्रेमलाल राजवंशी र बाह्रदशी २ का २४ वर्षीय हरिस राजवंशीलाई सम्मान गरिएको हो । उनीहरु बडी ग्यारेज बिर्तामोडका तर्फबाट प्रतियोगितामा सहभागी भएका थिए ।

तेस्रो मिस्टर कंचनजंधा खुल्ला राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिताको बारेमा जानकारी दिन मंगलवार आयोजित पत्रकार सम्मेलनमा बडी ग्यारेजका तर्फबाट उनीहरुलाई सम्मान गरिएको हो । प्रतियोगितामा अभिजितले ७० केजी तौल समूहमा स्वर्ण पदक जित्दै ५० हजार नगद पुरस्कार पाएका थिए । विगत पाँच वर्षदेखि शारीरिक सुगठन गर्दै आएका अभिजित चौथो संस्करणको मिस्टर झापा शारीरिक सुगठन प्रतियोगिताको उपाधि विजेता हुन् । ७० केजी तौल समूहका उनले उपाधिसँगै नगद एक लाख ५१ हजार र ट्रफी जितेका थिए ।

त्यस्तै प्रथम प्रज्ञा स्मृति प्रतियोगितामा प्रेमलाल राजवंशीले ६५ केजी तौल समूहमा दोस्रो स्थान हासिल गर्दै ४० हजार नगद पुरस्कार जितेका थिए । यसअघि धरानमा आयोजित मिस्टर कोशीमा प्रेमलाल राजवंशीले गोल्ड मेडल जितेका थिए । उनले मिस्टर झापामा तेस्रो स्थान हासिल गर्दै व्यक्तिगततर्फ बेस्ट मस्कुलरको उपाधि पाएका थिए ।

त्यस्तै प्रथम प्रज्ञा स्मृति प्रतियोगितामा हरिस राजवंशीले ७५ केजी तौल समूहमा चौथो स्थान हासिल गरेका थिए । उनले मिस्टर कोशीमा दोस्रो र धर्मश्रीमा उत्कृष्ट छैठौं स्थान हासिल गरेका थिए । बडी बिल्डिङमा राजवंशी समुदायको सहभागिता बढ्दै गएको देखिएको छ । आफूहरुले शारीरिक तन्दुरुस्तीका लागि बडी बिल्डिङ गर्दै आएको उनीहरुको भनाई छ ।

# तेस्रो मिस्टर कञ्चनजंघा शारीरिक सुगठन प्रतियोगिता भदौमा

बिर्तामोड(प्रस) । तेस्रो मिस्टर कञ्चनजंघा खुल्ला राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिता आगामी भदौको अन्तिम साता हुने भएको छ ।

युवाहरुलाई शारीरिक सुगठन खेलप्रति उत्प्रेरित गर्न विगत दुई वर्षदेखि बडी ग्यारेज बिर्तामोडले प्रदेश स्तरको प्रतियोगिता गराउँदै आएकोमा तेस्रो संस्करण राष्ट्रिय स्तरको गराउने भएको छ ।

आगामी भदौ २७ र २८ गते बडी ग्यारेजले झापामा पहिलो पटक राष्ट्रिय स्तरको शारीरिक सुगठन प्रतियोगिता गराउन लागेको हो ।

धर्मश्री पछिको दोस्रो ठूलो प्रतियोगिता झापामा गराउन लागिएको प्रतियोगिताका संयोजक राम दाहालले जानकारी दिए ।

पहिलो दिन प्रि-जजिङ र दोस्रो दिन फाइनल प्रतिस्पर्धा हुने प्रतियोगितामा ५५ केजी, ६० केजी, ६५ केजी, ७० केजी, ७५ केजी र ७५ केजीभन्दा माथिका तौल समूहका खेलाडीहरू सहभागी हुने भएका छन् ।

प्रतियोगिताको विजेताले नगद पाँच लाख रुपैयाँ प्राप्त गर्नेछ । यसअघि उपाधि विजेताको पुरस्कार राशि ३ लाख ११ हजार १११ रुपैयाँ थियो ।

त्यस्तै, दोस्रो हुनेले नगद तीन लाख , तेस्रो हुनेले दुई लाख, चौथो हुनेले एक लाख रुपैयाँ पाउनेछन् । पाँचौं हुनेले नगद ७५ हजार र छैटौं हुनेले नगद ५० हजार रुपैयाँ पाउने मंगलवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

हरेक तौल समूहमा दोस्रो हुने खेलाडीले नगद पाँच हजार र तेस्रो हुने खेलाडीले नगद तीन हजार रुपैयाँ पाउनेछन् । प्रतियोगितामा देशभरबाट दुई सयजना खेलाडीहरूले सहभागिता जनाउने संयोजक दाहालले बताए । प्रतियोगिताको सम्पन्न गर्न ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।




सो प्रतियोगिताका अध्यक्ष तथा शारीरिक सुगठन संघका कोशी अध्यक्ष आदित्य पराजुलीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा प्रतियोगिताका सल्लाहकार सुवास भट्टराई, युवा व्यवसायी युवराज निरौला, पत्रकार महासंघका उपाध्यक्ष सुव्रत न्यौपाने, झापा जिल्ला शारीरिक सुगठन संघका अध्यक्ष दिप साउदेनले शुभकामना मन्तव्य राखेका थिए । प्रतियोगिताका संयोजक दिपेन चौधरीको पनि उपस्थिति रहेको कार्यक्रमको संचालन संचारकर्मी रमेश तिवारीले गरेका थिए ।


# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति २०८२/०२/२८**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिलः**

**शाखा कार्यालय : महानन्द चोक**

| | |
|---|---|
| **कर्जा शिर्षक : ब्यक्तिगत कर्जा** | |
| **ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते विवरण** | |
| **ऋणी** : बलजीत थापाको नाति, गणेश बहादुर थापाको छोरा नागरिकता बमोजिम झापा जिल्ला, दुवागढी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, मेचीनगर न.पा., वडा नं. १४ बस्ने मिति २०५८/०२/३१ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ३००४१०५६ भएको बर्ष ५६ को **मनोज थापा** । | |
| **धितो सुरक्षणको विवरण : मन माया थापा**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, दुवागडी गा.वि.स., वडा नं. १ स्थित कि.नं. ७५८, १०९२ र १०९० को क्षेत्रफल क्रमशः ०-१२-८, ०-०-१६ र ०-१-० (बि-क-धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| **व्यक्तिगत जमानीकर्तार धितो जमानीकर्ता :**<br>नाम : मन माया थापा<br>बाबु : महेन्द्र बहादुर ढकाल<br>पति : गणेश बहादुर थापा<br>ना प्र नं : ३००४/१४२ (जारी मिति २०४६/०१/२५, झापा)<br>ठेगाना : नागरिकता बमोजिम झापा जिल्ला, दुवागढी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, मेचीनगर न.पा., वडा नं. १४ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : श्रीदेवी के.सी<br>बाबु : शेर बहादुर के.सी<br>पति : मनोज थापा<br>ना प्र नं : २४८/०४०/४१ (जारी मिति २०४०/०४/११, ललितपुर)<br>ठेगाना : नागरिकता बमोजिम ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा., वडा नं. २३ स्थायी ठेगाना भै हाल झापा जिल्ला, मेचीनगर न.पा., वडा नं. १४ बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गरिबीप्रति गंभीर बन

नेपालमा करिब १० लाख परिवार गरिबीबाट गुज्रिरहेका तथ्यांक सार्वजनिक भएको छ। भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयले १२ वर्षअघिदेखि सुरु गरेको गरिबी पहिचान कार्यक्रमअन्तर्गत यस्तो वास्तविकता फेला परेको हो। यो तथ्यांकले अझै पनि नेपालका जनता कुनखालको सुविधा प्रयोग गर्न बाध्य छन् र उनीहरूको जीवनस्तर कति जटिल होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ। अति गरिब, गरिब र सामान्य गरिब गरी तीन भागमा वर्गीकरण गरेर लिइएको तथ्यांकले यति धेरै परिवार गरिबको सूचीमा पर्न बाध्य भएका देखाएको हो। जसमध्ये मधेस प्रदेशको सर्लाहीमा सबैभन्दा बढी गरिब रहेका पाइएको छ भने मनाङमा सबैभन्दा कम गरिब रहेका भेटिएको छ। त्यसो त मनाङ पर्यटकीय र सबैभन्दा कम जनसंख्या भएको जिल्लासमेत भएकाले यहाँ गरिबहरू कम देखिएका हुन सक्छन्।

सर्लाहीको गरिबीको तथ्यांकले सबै नेपालीलाई मुन्टो निहुराउनुपर्ने अवस्थामा पुऱ्याएको छ। यहाँका ५० हजार दुई सय ४८ परिवार गरिबीबीच बाँच्नुपर्ने यथार्थले तिनीहरूको जीवन कति कष्टदायी र असुविधाले भरिपूर्ण होला भन्ने जान्न कठिनाइ पर्दैन। यसैगरी सुदूरपश्चिमस्थित बाजुराको गरिबी तथ्यांक पनि डरलाग्दो छ। यहाँका १३ हजार आठ सय २५ परिवारमध्ये ६ हजार चार सय ९४ अति गरिब, चार हजार दुई सय ६२ मध्यम गरिब र तीन हजार ५९ परिवार सामान्य गरिब छन्। यसरी नै कर्णाली प्रदेशको कालीकोटका १२ हजार ६ सय ८४ परिवारमध्ये पाँच हजार नौ सय ८५ अति गरिब, तीन हजार नौ सय ५१ परिवार मध्यम गरिब तथा दुई हजार सात सय ४८ परिवार सामान्य गरिब छन्। यी केही जिल्लाले नै प्रमाणित गर्छन् कि नेपालीको जीवनचर्या कति कष्टमय र दारुणिक छ भन्ने।

जीविका गरिबीले असर पार्ने सबैभन्दा मुख्य पक्ष हो। जो आफ्नो जीविकाकै लागि हरदिन चिन्तित हुन्छ स्वाभाविकरूपमा उसले शिक्षामा ध्यान दिन पाउँदैन। जो अशिक्षित छ, ऊ हरकुराको जानकारी पाउनबाट वञ्चित हुन्छ। यसरी जानकारी र अधिकारबाटै वञ्चित हुनुपरेपछि अरू सुविधा पाउने कुरै भएन। यसबाहेक स्वास्थ्य सुविधामा पनि उसको पहुँच पुग्ने कुरै भएन। न उसको राजनीतिमा पहुँच हुन्छ न त सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमै। यस्तो अवस्थाले उसको गरिबीलाई झन् झन् बढाउँछ र जीवनलाई दु:खको आहालमा धकेल्छ। यसर्थ पनि अहिले देखिएको गरिबीको तथ्यांक निकै डरलाग्दो छ भन्न सोच्नै पर्दैन।

पञ्चायतकालमा केन्द्रीकृत शासन व्यवस्थाका कारण विकास र स्रोतका प्रतिफल सबैतिर पुग्न नसकेको साँचो हो। त्यसैले मुलुकले क्रमशः लोकतन्त्र र गणतन्त्र माग गऱ्यो। यस्तो माग स्रोतको विकेन्द्रीकरणका लागि थियो जुन सबै क्षेत्र, भूगोल, वर्ग, समुदाय, वर्ण, लिंग, जात, समुदाय आदिको जीवन स्तरमा सुधार ल्याउने अपेक्षासँग जोडिएको थियो। तर लोकतन्त्र हुँदै मुलुक गणतन्त्रमा गइसकेपछि पनि विकासको प्रतिफल सबै ठाउँमा समानरूपमा पुग्न सकेको रहेनछ भन्ने माथिको तथ्यांकले देखाएको छ। खासमा यो तथ्यांक यही वास्तविकता महसुस गरेर अघि बढ्नका लागि गतिलो पाठसमेत बन्न सक्छ।




# नीति–बहसको औचित्य



• डा. झमकुमार विश्वकर्मा

सार्वजनिक नीतिले मूलतः सार्वजनिक हित तथा स्वार्थ, भलाइ, वस्तु तथा सेवा प्रवाह, नियमन, नियन्त्रण, संरक्षण, सहजीकरण, समन्वयलगायतका बहुविधा र क्षेत्रसँग सरोकार राख्छ । आमनागरिकको चाहना, माग, आवश्यकता तथा राज्यको दायित्व, कर्तव्य र जिम्मेवारीबोधले सार्वजनिक नीतिको विषय र क्षेत्र निर्धारण गर्छ । नीति पनि सिर्जना गर्छ । मूलतः राज्यले गर्ने वा नगर्ने भनेर जुन विषयको निर्धारण गर्छ वा घोषणा गर्छ त्यो नै सार्वजनिक नीति हो । सार्वजनिक नीति सरकार, संसद्, नीति निर्माता र अभ्यासकर्ता, आमनागरिक, जनप्रतिनिधि, सञ्चार क्षेत्र, कानुन व्यवसायी, विभिन्न पेसाकर्मी, कृषक, विद्यार्थीलगायत सबैको समान सरोकार, चासो तथा खोजीनीतिको विषय हो र हुनु पर्छ ।

विकासनिर्माण, सार्वजनिक सेवा प्रवाह, सुशासन, भ्रष्टाचार नियन्त्रणलगायत आमनागरिकको जीवन र जीविकासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा राज्यको नीति के हो, कस्तो हुनु पर्छ, नीति निर्माण प्रक्रिया कस्तो हुनु पर्छ, नीतिका प्रभाव के कस्ता हुन सक्छन् भन्ने विषयमा नीति निर्माण गर्नुअघि र नीति कार्यान्वयनको चरणमा पनि निरन्तर रूपमा बहस, छलफल तथा पुनरवलोकन भइरहनु पर्छ । यही मान्यताले नीति-बहसको आवश्यकता र औचित्यको सिर्जना गरेको छ ।

रम्भा-शुक संवादका क्रममा शुकदेवले भन्नुभएको थियो, “वादे वादे जायते तत्वबोधो ।” अर्थात्, संवाद वा बहसका माध्यमबाट नै सत्यको बोध हुन्छ, यथार्थको उत्खनन हुन्छ । यो सत्य हो कि संवाद, बहस, छलफल र विचार मन्थनका माध्यमबाट नै विषयवस्तुको गहिराइ र यथार्थमा पुग्न सकिन्छ । यही मूल मन्त्रमा आधारित भएर सार्वजनिक नीतिका विषयमा व्यापक र निरन्तर बहस गर्न आवश्यक छ । सार्वजनिक नीतिलाई मूलतः तीन चरणमा राखेर हेर्न सकिन्छ, नीति निर्माण, कार्यान्वयन र पुनरवलोकन वा समीक्षा । यी तिनै चरणमा नीति निर्माता र कार्यान्वयनकर्तालगायत नीतिको विषयमा सरोकार राख्ने व्यक्ति, समूह वा निकायका बिचमा अर्थपूर्ण बहस हुन आवश्यक हुन्छ । बहसले नवीन विचार जन्माउँछ, विचारको मन्थनले विषयवस्तुको दायरा फराकिलो बनाउँछ । सरोकारवाला व्यक्ति वा समुदायलाई सुसूचित बनाउँछ । यो प्रक्रियाले अन्ततः नीतिको उद्देश्य, नीतिका सकारात्मक तथा नकारात्मक पक्षलगायत परिणाम र प्रभावको समेत प्रक्षेपण गर्न मद्दत गर्छ । नीति प्रक्रियामा यसलाई निरन्तर रूप चलाइरहनु पर्छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको वेबसाइटमा ‘नेपाल सरकारबाट जारी भएका राष्ट्रिय नीतिहरू’ शीर्षक अन्तर्गत ११३ वटा नीति राखिएका छन् । उक्त सूचीमा २००८ सालमा जारी भएको ‘राष्ट्रिय पोषण नीति तथा रणनीति’ देखि २०८० सालमा जारी भएको ‘साइबर सुरक्षा नीति’ सम्म समावेश गरिएका छन् । साथै नीति परीक्षण प्रतिवेदन भनेर पाँच वटा नीति समावेश गरिएको छ भने हालसम्म एउटा नीति मात्रै संशोधन भएको देखिन्छ, ‘कृषि जैविक विविधता नीति (प्रथम संशोधन २०७९)’, जुन २०६३ मा जारी भएको थियो । यो विवरणले के सिद्ध गर्छ भने नेपालमा नीतिमाथि बहस, छलफल र संवाद हुने गरेको छैन, सरोकारवाला व्यक्ति, समूह तथा निकायको यसमा ध्यान जानै सकेको छैन । उदाहरणका लागि, ‘राष्ट्रिय पोषण नीति तथा रणनीति’ जारी गरेको सात दशक भइसकेको छ । उक्त नीतिमा समावेश विषयवस्तु अहिलेको परिवर्तित सन्दर्भमा कति सान्दर्भिक होलान् र कार्यान्वयनयोग्य होलान् त ? यो नीति निर्माता, कार्यान्वयनकर्तालगायत आमसरोकारवालाका लागि गम्भीर प्रश्न हो ।

नीतिको आवश्यकता र सिर्जना कुनै एक निश्चित अवस्थामा हुन्छ । समय परिवर्तनशील छ र गतिशील पनि छ । कुनै एक परिवेशमा बनेको नीति अर्को परिवेशमा पुग्दा त्यसको औचित्य सकिएको हुन सक्छ वा त्यसलाई परिमार्जन गरेर समयसापेक्ष बनाउनुपर्ने हुन्छ । यसैका लागि पनि नीतिमा बहस आवश्यक हुन्छ । नीति निर्माण गर्नुअघिको बहसले नीतिलाई कार्यान्वयनयोग्य बनाउँछ, सुसूचित नीति बनाउन मद्दत गर्छ, नीतिप्रतिको अपनत्व स्वतः स्थापित हुन्छ भने नीति निर्माणपश्चात् निरन्तर हुने बहसले नीति कार्यान्वयनका लागि सकारात्मक वातावरण सिर्जना गर्छ । त्यति मात्रै होइन नीति-बहसले मौजुदा नीतिको प्रभावकारिताको अवस्था र नीति पुनरवलोकन तथा संशोधनको आवश्यकता छ वा छैन भन्ने पक्षको बोध गराउँछ । यसले नीति कार्यान्वयन तथा सुधार गर्न मद्दत पुऱ्याउँछ ।

नेपालमा नीति निर्माण र कार्यान्वयनका सन्दर्भमा एउटा गलत भाष्य निर्माण भएको छ, नीति असाध्यै राम्रा बन्छन् तर कार्यान्वयन हु“दैनन् । वास्तवमा नीति राम्रा बन्न नसकेर नै कार्यान्वयन नभएका हुन् । विषय क्षेत्रगत नीतिमा कर्णप्रिय शब्द सङ्ग्रह गर्दैमा वा क्षमताभन्दा परको सपना पस्किँदैमा नीति राम्रा हुँदैनन् । नीति राम्रा वा कार्यान्वयनयोग्य हुनका लागि नीतिका विषयमा अनुसन्धान हुनु पर्छ, नीति तथ्य र प्रमाणमा आधारित भएर बनाउनु पर्छ । सरोकारवालाबिच पर्याप्त बहस, छलफल तथा परामर्श हुनु पर्छ । यसले नीतिप्रति लाभग्राहीले स्वामित्व र अपनत्व महसुस गर्ने वातावरण सिर्जना गर्छ, जसले नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्न मद्दत पुऱ्याउँछ ।

नीति-बहस नीति सुधार गर्ने एउटा महत्वपूर्ण आयाम हो । नीति-बहसमार्फत सार्वजनिक नीतिका विषयवस्तुको विश्लेषण गर्ने, चिरफार गर्ने, नीति सुधारका मुद्दा पहिचान गर्ने, नीति कार्यान्वयन गर्ने निकायलाई महत्वपूर्ण सुझाव उपलब्ध गराउने हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धका समसामयिक विषयमा राज्यले तत्काल अपनाउनुपर्ने नीतिका सन्दर्भमा बहस तथा विचार मन्थनमार्फत नीतिगत सुझाव उपलब्ध गराउने हो । नीतिका विषयवस्तु तथा नीतिले प्रदान गरेका सेवा सुविधासम्बन्धी जानकारी लाभग्राहीसम्म पुऱ्याउनेलगायतका सन्दर्भमा नेपाल सरकारको ‘थिङ्क ट्याङ्क’ नीति अनुसन्धान प्रतिष्ठानले अग्रणी र नेतृत्वदायी भूमिका खेल्न सक्छ र खेल्नु पर्छ । नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको ‘थिङ्क ट्याङ्क’ मात्रै होइन, यो सार्वजनिक नीतिबारे अध्ययन अनुसन्धान गर्ने, बोल्ने तथा सरकारलाई सुझाव उपलब्ध आधिकारिक संस्था हो ।

नीति अनुसन्धान प्रतिष्ठानले सार्वजनिक नीतिका विविध क्षेत्र तथा विषयमा थुप्रै अध्ययन अनुसन्धान गरेर नेपाल सरकारसमक्ष प्रतिवेदन पेस गरेको छ । दर्जनौँ प्रतिवेदन प्रतिष्ठानको पुस्तकालयमा छन् । यस्ता प्रतिवेदन सार्वजनिक चासोका विषय हुन्, हुनु पर्छ । प्रतिष्ठानले सार्वजनिक नीतिका विषयमा गरेका अध्ययन प्रतिवेदन (गोप्यबाहेक) ले नीति सुधारका सन्दर्भमा पहिचान गरेका मुद्दा, उठान गरिएका विषयवस्तु, अध्ययनबाट प्राप्त निष्कर्ष आमसरोकारवालासम्म पुऱ्याउन पनि निरन्तर रूपमा नीति-बहसको जरुरत पर्छ । यस प्रकारको नीति-बहसमा प्रतिष्ठान मात्रै होइन अन्य ‘थिङ्क ट्याङ्क’, प्राज्ञिक संस्था, नीति निर्माता, स्वयम् जनप्रतिनिधिलगायत सार्वजनिक नीतिको विषयमा सरोकार राख्ने व्यक्ति हुनु पर्छ । यसले नीति सुधारका महत्वपूर्ण विषयवस्तुको पहिचान गर्नुका साथै नीति कार्यान्वयनका लागि सकारात्मक दबाब पनि सिर्जना गर्छ । रम्भा-शुकदेव संवादमा शुकदेवले भनेको “वादे वादे जायते तत्वबोधो” भनेको यही हो । यस प्रकारको बहसलाई सरोकारवालासम्म पुऱ्याउने सन्दर्भमा सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुन्छ ।

हामीस“ग दर्जनौँ मौजुदा विषय क्षेत्रगत नीति छन् भने दर्जनौँ नीति निर्माणकै चरणमा छन् । यद्यपि अधिकांश नीति लाभग्राही वा अन्य सरोकारवालालाई कतिपय मौजुदा नीति वा बन्दै गरेका नीतिमा के छ भन्ने जानकारीसम्म पनि नहुने अवस्था छ । मौजुदा नीतिको प्रति वा बन्दै गरेको नीतिको खेस्रा सम्बन्धित मन्त्रालय वा निकायको वेबसाइटमा राख्ने कार्य प्रविधिसँग सम्बन्धित प्राविधिक विषय भएको हुँदा त्यो सबैलाई जानकारी हुँदैन । उदाहरणका लागि वैदेशिक रोजगार नीतिलाई लिन सकिन्छ । कामका लागि विदेश जाने नागरिकको सुरक्षा, सुविधालगायत भएका नीतिगत व्यवस्थाबारे वैदेशिक रोजगारीमा जाने अधिकांशलाई जानकारी नै छैन । जानकारीको अभावमा राज्यले प्रदान गरिरहेको सुविधा लिनबाट लाभग्राही वञ्चित भइरहेको अवस्था पनि छ । यस प्रकारको अवस्था अन्त्यका लागि व्यापक नीति-बहसको आवश्यकता छ ।

नीति-बहसमार्फत नीतिमा सुधार गर्न, नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्न तथा नीतिप्रति सचेतना अभिवृद्धि गर्न ‘थिङ्क ट्याङ्क’, प्राज्ञिक संस्थालगायत नीतिप्रति सरोकार राख्ने व्यक्ति तथा समुदाय लघुताभासबाट मुक्त हुन आवश्यक छ । ‘जति भने पनि सुधार हुन्न’ वा ‘हामी देखिने होइन’ वा ‘यसमा कलम चलाइहाल्नु हुन्न’ भन्ने कमजोर मानसिकताबाट ‘थिङ्क ट्याङ्क’, प्राज्ञिक संस्थालगायत नीतिप्रति सरोकार राख्ने व्यक्ति तथा समुदाय माथि उठ्न आवश्यक छ । ‘वादे वादे जायते तत्वबोधो’ भने जस्तै नीतिको विषयमा निरन्तर रूपमा गरिने बहस तथा संवादबाट नवीन विचारको सिर्जना हुन्छ, विचारहरू परिपक्व हुँदै जान्छन् र विषयवस्तुको गहिराइसम्म पुग्न सकिन्छ ।

राज्यले आमनागरिकलाई सेवा सुविधा प्रदान गर्न वा नियन्त्रण, नियमन, संरक्षण, प्रवर्धन गर्न सयौँ विषय क्षेत्रगत नीति बनाएर सार्वजनिक गरेको छ । परिवर्तित सन्दर्भमा नया“ नीति बनाउने क्रम पनि चलिराखेको छ । नीति निर्माणको प्रक्रियाकै सन्दर्भमा छुट्टै बहस गर्न सकिन्छ । अहिलेको समस्या के हो भने बनेका नीति एकातिर छन्, कार्यान्वयन गर्ने निकाय अर्कैतिर छन् भने लाभग्राही त कता हो कता । न नीति कति सान्दर्भिक छन् भनेर नियमित रूपमा पुनरवलोकन हुन सकेको छ, न कार्यान्वयन गर्ने निकायले नीति पल्टाएर हेर्छ न त नीतिबारे लाभग्राही नै सुसूचित छन् । सबैले आआफ्नै पारामा डम्फु बजाइराखेको अवस्था छ । त्यस कारण कम्तीमा पनि समयसापेक्ष नीति सुधारका लागि तथा मौजुदा नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्न र लाभग्राहीलाई नीतिको विषयमा सुसूचित गराउन निरन्तर रूपमा नीतिको विषयमा व्यापक बहस गर्न आवश्यक छ । साथै सार्वजनिक नीतिको विषयमा सरोकारवालालाई सुसूचित गराउने तथा नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने कार्यले नै नीति-बहसको औचित्यलाई पनि स्थापित गर्ने छ ।

# बढेको छ महिलामा मापसे



• डा. प्रकाश बुढाथोकी



पछिल्लो समय काठमाडौं उपत्यकामा मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने महिलाको संख्या बढ्दै गएको छ। महानगरीय ट्राफिक प्रहरी महाशाखाले दिएको जानकारीमा आव २०७४/७५ मा ३२६ महिलाले मापसेसम्बन्धी चेतनामूलक कक्षा लिए। चालु आवमा यो संख्या तेब्बर भइसकेको छ। पछिल्लो समय मापसे गरेर सवारीसाधन हाँक्ने महिलाको संख्या ह्वात्तै बढेको छ। समाजको प्रतिविम्ब सवारी चालकका रूपमा देखिएको छ। पाश्चात्य र आधुनिकताले मापसे बढे पनि प्रहरीले जाँच गर्दैन भन्ने मानसिकताले बढी प्रश्रय पाएको छ।

२०६८ मंसिर १७ देखि सवारी दुर्घटना र अपराध न्यूनीकरण गर्ने उद्देश्यले रातमा ९ बजेपछि सवारी चलाउनेमा लक्षित मादक पदार्थ सेवन-मापसे अभियान थालियो। मुखै सुँघेर मापसे कार्बाही गर्दै आएको प्रहरीले चैत्र १५ देखि ब्रेथलाइजर प्रयोग गर्न पाएका थिए। रात्रिकालीन व्यवसायी तथा मदिरा कारोबारी भने चौपट भएको भन्दै विरोध गर्थे। वार्षिक १० अर्ब बढीको लगानी तथा ५ लाख संलग्न व्यापारमा ७५, माछामासुको कारोबारमा ७० र मदिराको व्यापारमा ५० प्रतिशत घटेको आँकडा दिएका थिए। रगतमा अल्कोहलको मात्रा जापान र भारतमा ०.०३, चीन, नर्वे र स्वीडेनमा ०.०२, अमेरिका, क्यानडा, सिंगापुर, मलेसिया र न्युजिल्यान्डमा ०.०८ लाई सुरक्षित मात्रा मानिन्छ भने पाकिस्तान, बंगलादेश र नेपालमा शून्य सहनशीलता छ।

विश्व स्वास्थ्य संगठनका अनुसार अल्कोहलले विश्वमा सबैभन्दा बढी रोगको भार ओगट्दै नसर्ने रोगहरूको कारकमा चौथो छ, वार्षिक २५ लाख बढी मानिसलाई मृत्युवरण गराउँछ मापसेले। १५ देखि २९ वर्ष उमेरका ३ लाख २० हजारको मृत्यु गराउँछ जुन उक्त उमेरसमूहको कुल मृत्युको ९ प्रतिशत हो। नेपालमा ३१.३ प्रतिशत पुरुष तथा १६.५ प्रतिशत महिलाले मदिरा सेवन गर्ने गर्छन्। एक तिहाइ बढी उत्पादनशील जनशक्ति मदिरामा लिप्त छन्। सहरी क्षेत्रमा आधाभन्दा बढीले मद्यपान सेवन गर्छन्, जसमा १४ प्रतिशतलाई त मदिरा सेवन नगरी जीवन नै चल्दैन। जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका अनुसार मादक पदार्थ पिउने पुरुषका ७० प्रतिशत श्रीमती शारीरिक र यौनजन्य हिंसाका सिकार छन्।

मादक पदार्थ पिएपछि पेट र सानो आन्द्रामा कुनै परिवर्तन नभई जस्ताको तस्तै पाँच मिनटभित्रै सोसिई रगतमा पुग्छ। शरीरमा ३० मिलिग्राम अल्कोहल भएमा अलि खुसी, ५० मिलिग्राम भएमा हिँडडुलमा सामान्य गडबडी र एक सय मिलिग्राम भएमा देख्नेगरी खुट्टा लट्पटिने हुन्छ भने दुई सय मिलिग्राम भएमा झुम्म पर्ने र बिर्सने हुन्छ। तीन सय मिलिग्राम मादक पदार्थ शरीरमा भएमा पूरै ढल्ने अवस्थामा पुग्छ। चार सय मिलिग्रामले गहिरो निद्रामा पर्छ र मृत्युसमेत हुनसक्छ। रगतमा पुगेको अल्कोहल २ देखि १० प्रतिशत श्वासप्रश्वास-फोक्सोबाट, पिसाब र पसिनाबाट निष्कासन हुन्छ भने बाँकी ९० प्रतिशत बढी कलेजोमा सञ्चित भई

शरीरको तौल पुरुषको तुलनामा कम तथा बोसोको मात्रा ज्यादा हुने भएकाले समान मात्रामा मदिरा पिउँदा पनि महिलाको रगतमा मादक पदार्थको मात्रा ज्यादा हुन्छ र ज्यादा नकारात्मक असर पार्छ। मादक पदार्थमा ठूलो शक्ति छ, शरीरको अंगप्रत्यंगलाई क्षत्विक्षत बनाउन सक्छ। मान्छेलाई पशु बनाउन सक्छ। परिवारमा तोडफोड ल्याउन सक्छ। समाजलाई नष्ट पार्न सक्छ।

सामान्यको तुलनामा मापसे गरी सवारी चलाउँदा मादक पदार्थको रगतमा मात्रा ८०, १०० र २०० मिलिग्राम प्रतिसय मिलिलिटरमा सवारी दुर्घटना हुने सम्भावना क्रमश ५, १० र २० गुणा बढी हुन्छ। मादक पदार्थले त्यति असर नगर्ने, अनुभवी चालकमा क्रमशः २, ५ र १० गुणा बढी रहन्छ। शरीरमा मादक पदार्थको मात्रा जति बढ्छ, त्यही अनुपातमा सवारी दुर्घटनाको सम्भावनामा वृद्धि हुन्छ। मादक पदार्थले झुटो आत्मविश्वास बढाई जोखिममा होमिने सम्भावना बढाउँछ। सवारी राम्ररी नचलाएका बेला पनि राम्ररी चलाएको अनुभव हुन्छ। चालकलाई आवेशयुक्त बनाउँछ। सवारी चलाउँदा मांसपेशी र प्रणालीबीच हुनुपर्ने समन्वयमा असर पार्छ। आवश्यकता र अवस्थाअनुसार शरीरमा स्वचालित हुनुपर्ने रिफ्लेक्स एक्सनमा ढिलाइ हुन्छ। फिल्ड अफ भिजन साँघुरो हुन्छ। विभिन्न रङ त्यसमा पनि रातो रङ छुट्ट्याउने क्षमतामा कमी आउँछ। सवारीको गति र दूरीअनुसार समय अड्कल गर्न सक्ने क्षमतामा कमी आउँछ। सवारी धेरै गतिमा जाँदा पनि कम गतिमा गएको अनुभव हुन्छ र अरू तीव्र गतिमा चलाउने सम्भावना हुन्छ। एकदमै उज्यालो हेरेर आँखाको दृष्टि पहिलेको अवस्थामा आउन समय बढी लाग्छ। तसर्थ यसले सडक दुर्घटना निम्त्याउन मात्तिनुपर्छ भन्ने छैन। सवारी चलाउन तल्लो सुरक्षित सीमा हुँदैन, सुरक्षित सीमा भनेको सेवन नै नगर्नु हो।

अन्तमा, त्यसो त नेपालमा सवारी तथा यातायात व्यवस्था ऐन २०४८ को दफा १४२ अनुसार सवारी चालकले मादक वा लागुपदार्थ सेवन गर्न पाइँदैन। तथापि हाल ट्राफिक प्रहरीले कसैले होसै नहुने गरी मापसे गरेर सवारी चलाए एक हजार जरिवाना, एक रात हिरासतमा राख्ने र भोलिपल्ट मापसेबारे जनचेतना कक्षा दिएर आफन्तको जिम्मामा छोड्छ भने सामान्य मापसे गरेकोमा एक हजार जरिवाना त हुन्छ तर हिरासतमा राखिँदैन। भोलिपल्ट कागजपत्र लिएर जनचेतना कक्षामा आउनुपर्छ। अमेरिकामा मादकपदार्थ तीन दशकअघि सवारी दुर्घटनाको ६० प्रतिशत कारक थियो भने हाल नगन्य, यसो हुनुमा कडाइका साथ नियम पालना हुनु हो। तसर्थ नसर्ने रोगको भार कम गर्न र सवारी दुर्घटना न्यूनीकरण गर्न नियम, कानुन कार्यान्वयन गर्न गराउन एक स्वरका साथ लाग्नैपर्छ।

# नेपालमा कस्ता-कस्ता छन् राजावादी: अनि ती के चाहन्छन् ?

• कृष्ण हुमागाँई



संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा शाह बंशका अन्तिम राजा ज्ञानेन्द्र शाहले पत्रकार सम्मेलन गरेर नारायणहिटी दरबार छोडेकै दिनदेखि राजा चाहियो भन्नेहरु थिए । उनीहरुको शक्ति पुगेको भए त नेपालबाट राजतन्त्र हट्नै दिंदैनथिए नि । खासगरी राजा चाहियो भन्नेहरुमा दरबारले दानापानी दिएर पालेका पाल्तुहरु, बिर्ता दिएर पालेका सामन्ती परिवारका सदस्य, दरबारिया चाटुकार, आसेपासे, शोषक, सामन्त, जाली, फटाहा, कीर्ते अपराधी पूर्वपञ्च, मण्डले र असंवैधानिक शाहीसत्ताका मतियारहरु राजा चाहियो भनेर चिच्याउने अग्रपंक्तिमा छन् । यस्तो लोकतान्त्रिक गणतन्त्रबिरोधी जत्थाको नेतृत्व महेन्द्रकालीन पञ्च, पञ्चायती गृहमन्त्री र राष्ट्रिय पञ्चायतका अध्यक्ष र पञ्चायत नीति तथा जाँचबुझ समितिका सभापतिसमेत भइसकेका क्रुर पञ्च नवराज सुवेदी, पूर्वपञ्चहरु केशरबहादुर बिष्ट, प्रकाशचन्द्र लोहनी, पशुपति शम्सेर राणा, पूर्व मण्डलेहरु राजेन्द्र लिङदेन, धवल शम्सेर जवरा, नव मण्डले रबिन्द्र मिश्र, ज्ञानबहादुर शाही, केही धार्मिक अतिवादीसमेत तथाकथित ४५ वटा संघ संस्थाहरुका पारिश्रमिकमा परिचालित कारिन्दाहरुलाई राजा चाहिएको छ ।

यिनले बिसं २०५० सालपछि जन्मिएको युवा पुस्तामध्ये केहीलाई समेत राजतन्त्रको पक्षमा द्विगभ्रमित गराउन सफल भएका छन् । यो पुस्ताले २०४६ सालको आन्दोलन र त्यसअघिको फाशिष्ट निरंकुश पञ्चायती ब्यवस्था पनि देखेन, भोगेन । अनि अपुतालीबाट अस्वभाविकरुपमा राजा हुन पुगेका ज्ञानेन्द्र शाहको असंवैधानिक कु र अत्याचारी आततायी शासन पनि राम्ररी बुझ्न पाएन । हो यो पुस्तालाई इन्टरनेटमा विश्वको विकासको गति देखाउँदै विश्व यहाँ पुग्यो, हाम्रो देश यिनै दलले बर्वाद गरे भनेर उल्टा पढाइयो, बुझाइयो । यो पुस्ताले २०४६ र २०६२।०६३ को आन्दोलनमा प्रत्यक्ष सहभागी हुन पाएन उमेर समूहका कारण । त्यही फाइदा उठाउँदै जनबिरोधी, तानाशाहीका मतियारहरुले जनतामा भ्रम छर्ने दुष्प्रयास गरिरहेका छन् । निरंकुशताका बिरुद्ध उमेरका कारण संघर्षमा उत्रन नपाएको र राजाको कुशासनमा अत्याचार भोग्न नपरेको पुस्तालाई राजावादी भनिने लोकतन्त्रबिरोधी समूहहरुले अल्मल्याएका छन् ,बरालेका छन् । यिनलाई कुरा बुझाउन, इतिहासको सच्चाई पढन, खोज्न अभिप्रेरित गर्ने हो भने शाही सत्ताका मतियार बाहेक कोही पनि सभ्य नागरिक निरंकुश राजतन्त्रको पक्षमा वकालत गर्दै हिंड्दैन । जनताका छोरा-छोरी राज्यको सर्वोच्च निकाय राष्ट्रपति हुन पाउने अवसरलाई छोडेर एउटा सामन्ती अभिजात्य वर्गलाई बंशवादका आधारमा राजा मान्न आजको बिज्ञान प्रविधिको युगको आधुनिक युवा कुनै पनि हालतमा तयार हुनै सक्दैन ।

नेपालमा राजावादीका अनेक प्रकारका समूह :

**१ सक्रिय राजतन्त्र पक्षधर**

यो समूहको ठम्याइ छ कि- जनमतद्वारा राजा ल्याउन सकिदैन । राजाको पक्षमा कमल थापा र राजेन्द्र लिङ्देनले नेतृत्व गरेको पूर्वपञ्चहरुको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी बाहेक कुनै पार्टी छैन । त्यो पार्टीसँग मुश्किलले पाँच प्रतिशत जति मत छ । अरु धार्मिक समूह र कमल थापा समूहलाई जोड्दा एक प्रतिशत बढ्यो नै भनेपनि जम्मा ६ प्रतिशत मत हो । अब यो मतद्वारा राजालाई बैधानिक रुपमा सत्तामा ल्याउन सकिदैंन भन्ने प्रष्ट बुझेको यो समूह आन्दोलनको नाममा चरम अराजकता, हत्या, हिंसा, लुटपाट, आगजनी, तोडफोड, बिध्वंस मच्चाएर कानून ब्यवस्थालाई तहस-नहस बनाउन सकियो भने सेना सडकमा आउँछ र सेनाले ज्ञानेन्द्रलाई सलाम ठोकेर दलका नेतालाई जेलमा हाल्ने (२०६१ माघ १९ को ज्ञानेन्द्र मोडल) काम भयो भने नेपालमा सक्रिय राजतन्त्र ब्यूँताउन सकिन्छ र २०१९ को संविधान जारी गरेर दलमाथि प्रतिबन्ध लगाएर यो कदमलाई समर्थन नगर्ने नेता जति सबैलाई भ्रष्टाचारको आरोपमा जेलमा सडाउनुपर्छ भन्ने योजनामा एउटा राजावादी समूहले सपना देखिरहेको छ । यो समूहमा स्वागत नेपाल, दुर्गा प्रसाई, रबिन्द्र मिश्र, धवल शम्सेर जवरा, केशरबहादुर बिष्ट, नवराज खनाल लगायतका मानिसहरु रहेका छन् । यो समूहले आन्दोलनका लागि भनेर ज्ञानेन्द्र शाहले छुट्याइदिएको १० करोड रुपैयाँ एकलौटी रुपमा हिनामिना गरेको आरोप राजावादी समूहबाटै लाग्दै आएको छ । यस सम्बन्धमा नवराज सुवेदीले राजाबाट पैसा आइसकेको छैन, आवश्यक पऱ्यो भने दिउँला भन्ने बचन मात्र प्राप्त भएको बताउँदै आएका छन् ।

**२.संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र पक्षधर**

वर्तमान प्रविधिको युगमा बहुदलीय ब्यवस्थाको बिरुद्ध दलहरुलाई निषेध गरेर महेन्द्रले जस्तो शासनसत्ता लाद्न सक्ने अवस्था नभएको निष्कर्षसहित यो समूह भएको राजाको गद्दी त जोगाउन नसकेको अवस्थामा यो बाटो प्रत्युत्पादक ह्ने भन्दै २०४६ सालको संविधान ब्यूँताएर बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र स्थापना गरेर संघीयता र धर्मनिरपेक्षतालाई हटाउँदै राजालाई स्थापित गरिसकेपछि मात्र २०१७ सालको महेन्द्र मोडलमा फड्को मार्नुपर्छ, अहिले २०१९ संविधानको कुरा गर्ने बेला होइन भन्ने पक्षमा देखिएको छ । यो समूह पनि कालान्तरमा लोकतन्त्र मासेर राजाको अधिनायकत्वमा निरंकुश शासन चलाउने सपना देखिरहेको छ ।

यो समूहमा राजेन्द्र लिङ्देन, कमल थापा, पशुपतिसम्शेर जवरा, प्रकाशचन्द्र लोहनी लगायतका मानिसहरु रहेका छन् । यिनीहरु एकैपटक तानाशाही राजा ल्याउँछौं भन्दा असजिलो हुन्छ, राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्न कठिनाई हुने भएकोले पहिला संवैधानिक राजसंस्थाको माग अघि बढाउने कसैगरी राजालाई गद्दीमा बसालियो भने पहिलाको जस्तै असंवैधानिक रुपमा सत्ता कब्जा गराएर हालीमुहाली गर्ने दाउमा छन् । किन कि यी मान्छेहरु हिजोका दिनमा पञ्चायतमा पनि, २०६१ माघ १९ को ज्ञानेन्द्रको असंवैधानिक कदममा पनि राजाको गलत कदमलाई साथ समर्थन दिएका मान्छेहरु हुन । त्यसैले यिनले लोकतन्त्रको रक्षा गर्लान्, राजालाई संवैधानिक नै बस्नुपर्छ भनेर सल्लाह देलान् भनेर नेपाली जनताले बिश्वास गर्न सकिने कुनै आधार नै छैन ।

**३. नातिलाई राजा बनाउने बेवीकिङ्ग पक्षधर**

शाह बंशका अन्तिम राजा ज्ञानेन्द्रकै हठका कारण नेपालबाट राजतन्त्र अन्त्य भएको निष्कर्षमा रहेको यो राजावादी समूह भने ज्ञानेन्द्र र पारस दुवैको छवि राम्रो नाभएको कारण पारसको छोरा, ज्ञानेन्द्रको नाति हृदयन्द्रलाई राजा प्रस्ताव गरेर जाँदा नेपालमा राजसंस्था पुनर्स्थापना गर्न सजिलो हुन्छ भन्ने निष्कर्षमा पुगेको छ । डा. जगमान गुरुङ्ग, सिपी मैनाली, आरके मैनाली, दरबारका पूर्व प्रशासक र कुटनैतिक क्षेत्रमा दरबारले नियुक्ति दिएका पूर्व कर्मचारीहरुको एउटा समूह यो उपायबाट नेपालमा फेरि राजसंस्था स्थापना गर्न सकिन्छ भन्ने ठम्याईमा रहेको छ । एकताका २०६४ सालतिर तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि सहज निकासका लागि बेविकिङ्गको अवधारणा अघि सार्नभएको कुरालाई जोड दिँदै यो समूहले यसमा दलहरुको पनि मिलनबिन्दु हुन सक्ने र विवादित छवि नभएको हुँदा नातिको हकमा समर्थन लिन सकिनेमा यो समूहको जोड रहेको छ । तर यसमा ज्ञानेन्द्रले स्वीकृति दिइ नसकेको हुँदा, स्वीकृति हुने हो भने अलि सहजरुपमा राजसंस्था पुनर्स्थापना गर्न सकिन्छ भन्ने सपना यो समूहले देखिरहेको छ ।

**४. भुटानी मोडलको राजतन्त्र पक्षधर**

ज्ञानेन्द्र जीवित हुँदा-हुँदै नातिलाई राजा बनाउने कुरा असम्भव देख्दै आएको यो समूहको ठम्याई छ । कि- आफू जिउँदो हुँदा-हुँदै नातिलाई राजा बनाउने भए त राजाले २०६४ मै गिरिजाबाबुले राखेको प्रस्ताव स्वीकार गरिहाल्ने थिए नि । त्यसैले असम्भव कुरा हो । दलहरुले नविन सम्झौता गरेर राजालाई स्थान दिदैनन् भने भुटानी मोडलको राजतन्त्र नेपालमा स्थापना गराउने खेलमा यो राजावादी समूह सक्रिय छ । देशको परराष्ट्र नीति, सुरक्षा र प्रकृतिक स्रोत, साधनमा भारतको हुकुम चल्ने, राजा र प्रजातन्त्र थपनाको रुपमा रहने भुटानी मोडलमा गएर भारतको दवाब र हस्तक्षेप गराएर भएपनि राजा ल्याइ छाड्ने यो समूहको सोचाई रहेको छ । यसका लागि यो समूहले १ जुलाई २०२५ मा भारतका प्रधानमन्त्री र राष्ट्रपतिलाई नेपालमा राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापनाका लागि सहयोग र समर्थन गर्न अपिल गर्दै ज्ञाजनपत्र नै बुझाइसकेको छ । यही मेसोमा पूर्वराजा ज्ञानेन्द्र शाहले पनि गत २०८१ साल असोज १७ गते भुटानको भ्रमण गरी त्यहाँका राजा जिग्मेखेसार नामग्याल वाङचुक र उनका बुवा जिग्मेसिंघे वाङचुकलाई समेत भेटेर भुटानी मोडलको राजतन्त्र अध्ययन गरेर आएको घटनाले सजिलो तरिकाले नभए देशको अस्मिता दाउमै लाएर भएपनि भुटानी मोडलमै भएपनि ज्ञानेन्द्र गद्दीमा फर्किन चाहेको संकेत गर्दछ । यो समूह सजिलो तरिकाले भएन भने देशलाई बन्धकी राखेर भएपनि भारतीय दवाबमा राजतन्त्र स्थापन गर्नुपर्छ भन्ने सपना देखिरहेको छ । यो समूहमा शाही नातेदार, कांग्रेस, एमाले, रास्वपा, मधेशी दल र माओवादीमा रहेका राजाले दानापानी दिएर पालेका शाही जासुसहरु रहेका छन् । समयक्रममाा तिनको स्वरुप, चरित्र र चित्र सतहमा आउने नै छ ।

भुटानी मोडलको राजतन्त्रमा भारतीयको चासो

भारतमा ब्रिटिसले इष्ट इण्डिया कम्पनी खडा गर्नुअघि ५५० वटा राजा रजौटाहरु थिए । ती सबै ब्रिटिस सेनाले भारत कब्जा गरेपश्चात् कम्पनी सरकारको मातहतमा बिलय भए । भारत स्वतन्त्र भएपछि त्यहाँको राजपरिवारहरु कति राजनीतिक दलमा आवद्ध भए, कति उद्योग ब्यापारमा लागे । त्यहाँ कहिल्यै राजतन्त्र फर्किएन । तर भारतको पूर्व राजपरिवारका सदस्य जम्मु कश्मिरका अन्तिम राजा हरिसिंहका छोरा कांग्रेस आईका बरिष्ठ सदस्य करणसिंहले पनि नेपालमा राजतन्त्र जोगाउन बेवीकिङ्गको प्रस्ताव ल्याउनु भएको थियो । अहिले पछिल्लो समयमा भारतीय जनता पार्टीका बरिष्ठ नेत बिजय जोलीसहितको टिम पटक-पटक नेपाल आइरहेको छ । यो समूह हिन्दूराष्ट्रको पक्षमा रहेको संकेत मिलेको छ भने राजतन्त्रको पक्षमा खुला रुपमा मुख खोली नसकेको अवस्थामा छ । भारत राजस्थान सिकरका १२ औं राजा (हिमानी शाहका पिता) रावराजा बिक्रमसिंह, भनुप्रतापसिंह लगायतको पारिवारिक समूह पनि नेपालमा राजतन्त्र ब्युँताउन सकिन्छ कि भनेर सम्धी, ज्वाइँ खलकको राजगद्दीका लागि भारतीय संस्थापन पक्षको ध्यानाकर्षण गराउने कार्यमा लागिरहेको सूचनाहरु पाइएको छ । हिन्दूवादका नाममा उत्तराखण्डका मुख्यमन्त्री मोदीका बिश्वासपात्र योगी आदित्यनाथ पनि हिन्दू राष्ट्रको पक्षमा रहेको हुँदा राजतन्त्रको पक्षमा पनि भित्री लविङ्ग भइरहेको यो समूहका राजावादीहरुको बुझाई रहेको छ ।

**५.कम्बेडियाली मोडलको राजतन्त्र पक्षधर**

राजाले सक्रिय राजनीतिमा आउनु पर्ने र कम्बोडियामा जस्तै शक्ति हातमा लिनुपर्ने मान्यता राख्ने राजावादीको अर्को समूह छ । यो समूह राजाले राजनीतमा सक्रिय भएर आप,नो समूहको भोट बढाउने र शक्तिशाली बनाएर सत्तामा पुऱ्याई राजसंस्था पुनर्स्थापना गर्नुपर्छ भन्ने यो समूह नेपालमा भने अत्यन्तै कमजोर छ । कम्बोडियामा राजा नरडोम सिंहानुकले सन् १९५५ मा राजगद्दी त्यागेपछि सक्रिय राजनीतिमा प्रवेश गरे (सङ्कुम रिअष्ट नियुम) नामक पार्टी खोलेर चुनाव लडि बहुमत ल्याएर प्रधानमन्त्री बने । चुनावबाट प्रधानमन्त्री बनेको केही समयपश्चात् पूर्वराजा सिंहानुकले आफूलाई राजाको अधिकारसहितको राष्ट्र प्रमुखको रुपमा घोषणा पनि गरे । यो कदमपछि सन् १९७० मा डेमोक्रेटिक पार्टीले चुनाव जित्यो र लोन नोल प्रधानमन्त्री हुनुभयो । उहाँले नरडोम सिंहानुकलाई राजाको पदबाट अपदस्त गरेपछि सिंहानुक भागेर चीन गए ।

यसबीचमा सन् १९७५ मा कम्बोडियामा त्यहाँको कम्युनिष्ट पार्टीले राजधानी फोनमपेन कब्जा गऱ्यो । निर्वाचित प्रधानमन्त्री लोननोललाई अपदस्त गऱ्यो र आफै सत्ता संचालन गऱ्यो । कम्युनिष्ट मुलुक चीनमा शरण लिइबसेका राजा नरडोम सिंहानुकलाई पुनः राजगद्दीमा फर्काउन चीनले कम्बोडियाली कम्युनिष्ट पार्टी खमेरुजलाई दवाब दियो । कम्बेडियाली कम्युनिष्टहरुले आलंकारिक राजाको रुपमा नरोडमलाई स्वीकार गरे । पछि फेरि १९७६ मा नरडोम सिंहानुकलाई पदबाट हटाई १९७९ सम्म नजरबन्दमा राखियो र संयूक्त राष्ट्रसंघको पहलमा १९९३ मा चुनाव भएपछि भने कम्बोडियामा राजतन्त्र फेरि पुनःस्थापना भयो । र नरडोम सिंहानुक संवैधानिक राजाको रुपमा पुन राजगद्दीमा फर्किएको इतिहास छ । यही मोडलले बिदेशी सहारा र देशभित्रै राजाले राजनीतिमा सक्रिय सहभागित जनाएर राजतन्त्रका लागि माहोल बनाउन नेपालका कम्युनिष्ट शक्तिसँग कम्बोडियाका राजाले जस्तै सम्बन्ध बिस्तार गर्दै गएर राजतन्त्र फर्काउन सकिन्छ भन्ने यो समूहले पनि सपना देखेको छ । यो समूहमा राजाको पालका कुटनैतिक क्षेत्रमा काम गरेका दरबारिया भारदार, सेना र पुलिसमा रहेका दरबारियाहरु रहेका छन् ।

**६. सांस्कृतिक वा आलंकारिक राजसंस्था पक्षधर**

संघीय लोकतान्त्रिक गणतन्त्रभित्रै सांस्कृतिक राजा वा आलंकारिक राजाको रुपमा ज्ञानेन्द्रलाई नारायणहिटीमा राजगद्दीमा आरोहण गराउने । श्रीपेच, राजदण्ड फिर्ता गराउने । राष्ट्रपति पनि रहने । राजनैतिक निर्णय प्रधानमन्त्री र राष्ट्रपतिले गर्ने । राजाले धर्म संस्कृति, साँस्कृतिक पर्व, राष्ट्रिय पहिचानका जात्रा, उत्सवमा भाग लिने, राष्ट्रिय एकताको प्रतीकको रुपमा बस्ने भनेर राजालाई थपनाको रुपमा मात्रै भएपनि स्थापित गराउन सकियो भने बिस्तारै थप अधिकारका लागि गद्दीमै बसेर झगडा गर्न सजिलो हुन्छ भन्ने सपना लिएर राजावादीको अर्को समूह बिभिन्न दल, अग्रज पत्रकार र नागरिक समाजका अगुवाहरुकोमा दौडधुपमा लागेको छ । यो समूहमा केही राजावादी लेखक, साहित्यकार, धार्मिक क्षेत्रका अगुवाहरु लागेका छन् । उनीहरुलाई राजतन्त्र भन्दापनि हिन्दू धर्म सापेक्ष राष्ट्र बनाउन पाए हुन्थ्यो भन्ने छ ।

**अब राजतन्त्र एकताको प्रतिक होइन, बिखण्डनको बीउ**

नेपालमा राजतन्त्रलाई एकताको प्रतीकका रुपमा दरबारिया र पञ्चहरुले चित्रित गर्न खोज्दै आएका छन् । तर राजतन्त्र एकताको प्रतीक भन्दा बिखण्डनको जडको रुपमा देखिएको छ । जनताले जिताएका दोस्रो संविधानसभाका ९९ प्रतिशत जनप्रतिनिधिले २०६५ साल जेठ १५ गते नेपालको कुटनीतिक सम्बन्ध भएका संसारभरका सबै देशका प्रतिनिधिलाई संसद भवनमा साक्षी राखेर घोषणा गरिएको गणतन्त्रलाई सबैले समर्थन मात्र गरेनन्, हर्क बढाई र बधाई नै दिए । नेपालका सबै जातजाति भाषाभाषी समुदायले यसमा अपनत्व ग्रहण गरे । अब अहिले आएर राजतन्त्रको अन्त्य भएको दशकौंपछि एउटा जात बिशेषको मान्छेलाई फेरि राजा बनाउनु भनेको बिखण्डन र झगडाको बीउ रोप्नु हो । मासिईसकेको राजतन्त्रलाई ब्युँताउँदै ज्ञानेन्द्रलाई राजा बनाउने हो भने लिम्बूवान क्षेत्रमा लिम्बुको राजा हुनु पऱ्यो । खम्बुवानमा खम्बुको । त्यसैगरी तामसालिङ्ग, तमुवान, मगरात, नेवा, मिथिला क्षेत्रमा आ-आफनै बंशका राजा चाहियो भन्ने आवाज उठन थालेको छ ।

१८३४ मा शाह बंशले हडपेको आफनो पुर्खाको राज्य पूर्वी नेपालका लिम्बूहरुले माग्न थालेका छन् । ज्ञानेन्द्र राजा हुन पाउँछन् भने चौदण्डी क्षेत्रमा राईहरुले अलग्गै राजा र राज्य पाउनु पर्ने धरानका मेयर हर्क साम्पाङ्गले आफ्नो स्टाटसमा लेखिसकेका छन् । त्यतिमात्र होइन । मासिएको राजतन्त्रलाई ब्युँताउँदै जाने हो भने किरात बंश, सेन बंश, मल्ल बंश, ठकुरी बंश, लिच्छबि बंश, गुप्त बंश, महिसपाल बंश, गोपाल बंश, पहाडी भूखण्डमा मात्र २२ से चौबिसे अनेकन राजा रजौटाहरु थिए । के अब हामी त्यही बिखण्डनको बाटोमा जाने हो त ? त्यसैले समाप्त भइसकेको इतिहासमा परिणत भइसकेको एउटा बंशको राजालाई पुनःस्थापना गर्ने हो भने अरु बंशकाले पनि हाम्रो पनि इतिहास ब्युँताइयोस् भन्ने माग स्वभाविकै रुपमा राख्नेछन् । गुमेका भूभागसहित कसैलाई पनि राजा बनाउन सकिने आधार नभएको हुँदा चिहानमा परिणत भएको राजतन्त्रको भूत जगाएर लोक नहँसाउन, बिग्रह र बिखण्डनको बीउ नरोप्न राजावादी भनिएकाहरुलाई पनि देशका बुद्धिजीवीले सम्झाउनु पर्छ ।

**जनतालाई राजा होइन राहत चाहिएको छ**

नेपाली जनतालाई राजा होइन राहत चाहिएको छ । चर्को मूल्यबृद्धिमा राहत, किसानलाई सुपथ मूल्यमा उन्नत मल, बीउबिजन चाहिएको छ । बिद्यार्थी र अभिभावकलाई निःशुल्क र गुणस्तरीय प्राविधिक शिक्षा चाहिएको छ । उखेगी ब्यापारीलाई नियमित बिजुली र सहुलियत कर प्रणाली चाहिएको छ । रोगी, गरिब, असहायलाई निःशुल्क औषधोपचार र गाँस, बास र कपासको प्रबन्ध चाहिएको छ । मजदूर श्रमजीवी वर्गलाई योगदानमा आधारित सामाजिक सुरक्षा भत्ता र उचित ज्याला चाहिएको छ । राष्ट्रसेवक कर्मचारीलाई बिनाहस्तक्षेप कार्य सम्पादन गर्न पाउने लोकतान्त्रिक वातावरण चाहिएको छ भने सेवाग्राहीलाई बिना झन्झट घुस र कमिशन बिना नै आफ्नो काम समयमै हुने प्रणाली चाहिएको छ ।

सबैलाई सिष्टमले काम गरोस्, प्रणालीले काम गरेमा नातावाद, कृपावाद, चाकडी, चाप्लुसी प्रथाको अन्त्य होस् भन्ने चाहना छ । यति भयो भने कसैलाई राजा चाहिदैन । हुन त राजा आउँदा यस्तो बिकृति झन् बढेर जाने हो । किन कि राजाको शासन पनि हिजोका दिनमा देखे भोगेकै हो । सरकारको नेतृत्व गर्ने दलहरुले जनताको चाहना र समस्या समाधानमा बिशेष ध्यान नपुऱ्याने हो भने यो जनअसन्तोषमा राजावादीहरुले अरु बढी चलखेल गर्न सक्छन् । राजतन्त्र राम्रो भनेर होइन, आशा गरेका दल र तिनका नेताले भनेजस्तो आचरणमा बसेर कार्य गरेनन् भन्ने जनगुनासोमा खेल्दैछन् राजावादीहरु । जनतालाई राजा चाहिएको होइन, राहत चाहिएको हो । विकास, समृद्धि र सुशासन चाहिएको हो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।